# बीमा समिति
# BEEMA SAMITI

CHABAHIL, KA. MA. PA.-7
P. O. BOX NO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

अत्यन्त जरुरी

मिति : २०६४।१२।६

का.शा.प. १४।०६४।६५ च.नं. ४६८५

श्री नेपाल ईन्स्योरेन्स कं. लि.,
श्री दि ओरियण्टल ईन्स्योरेन्स कं.लि.,
श्री राष्ट्रिय बीमा संस्थान,
श्री नेशनल ईन्स्योरेन्स कं.लि.,
श्री हिमालयन जनरल ईन्स्योरेन्स कं.लि.,
श्री यूनाईटेड इन्स्योरेन्स कं.(नेपाल) लि.,
श्री प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि.,
श्री एभरेष्ट इन्स्योरेन्स कं.लि.,
श्री नेको इन्सुरेन्स लि.,
श्री सगरमाथा इन्स्योरेन्स कं.लि.,
श्री एलाइन्स इन्स्योरेन्स कं.लि.,
श्री एन.बि. इन्सुरेन्स कं.लि,
श्री प्रुडेन्सियल इन्स्योरेन्स कं.लि.
श्री शिखर इन्स्योरेन्स कं.लि.
श्री लुम्बिनी जनरल इन्स्योरेन्स कं.लि.
श्री एन एल जी इन्स्यौरेन्स कं.लि.,
श्री सिद्धार्थ इन्स्योरेन्स लि.

विषय : <u>अग्नि बीमादरमा परिवर्तन गरिएको बारे</u> ।

प्रचलित अग्नि बीमादर सम्बन्धी सामान्य नियमहरु, २०५८ मा देहाय बमोजिम संशोधन गरिएको व्यहोरा निर्णयानुसार आवश्यक जानकारीका लागि अनुरोध गरिन्छ ।

१. निर्देशिका नं. १२.१ को बुँदा नं. (३) हटाउने ।
२. निर्देशिका नं. १२.२ को स्पष्टीकरण (१) मा रहेको "..... भूकम्प, अग्नि वा धस्का वा दुवै जोखिम..... " भन्ने शब्द समूहको सट्टामा "भूकम्प जोखिम" शब्द समूह कायम गर्ने ।
३. साबिकको निर्देशिका नं. १२.३ को सट्टामा देहाय बमोजिम कायम गर्ने ।

बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P. O. BOX NO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810918, 4810989, 4811067
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

भूकम्प बीमा सम्बन्धी सम्पुष्टी : भूकम्प जोखिम समाविष्ट हुने अवस्थामा देहायको सम्पुष्टी प्रयोग गर्नु अनिवार्य हुनेछ :- भूकम्प जोखिम बापतको अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमालेखमा जुनसुकै कुरा लेखिएको भएतापनि भूकम्पको कारणबाट बीमाको विषयवस्तु (सम्पत्ति) कुनै पनि प्रकारले हानि नोक्सानी भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ ।

तर भूकम्पको कारणबाट आएको बाढी, नदी, ताल वा पानी जम्मा गरेको पोखरीको पानी उर्ली हानि नोक्सानी भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

४. निर्देशिका नं. १२.४ को बुँदा नं. (ख) को प्रतिबन्धात्मक वाक्यांश हटाउने ।

५. निर्देशिका नं. १२.६ को बुँदा नं. (१) मा रहेको बीमादरको तालिकालाई देहाय बमोजिम कायम गर्ने ।

| भवन वर्गीकरण | बीमादर (प्रति हजारमा बीमाङ्क) |
|---|---|
| पहिलो श्रेणी | १.२५ |
| दोश्रो श्रेणी | १.४० |
| तेश्रो श्रेणी | १.६० |

२०६४/१२/०५

(भूजन ढुंगेल अधिकारी)
सहायक निर्देशक